# बैठक संख्या - १७

आज मिति २०८० साल जेष्ठ महिनाको ०९ गतेका दिन यस गढवा गाँउपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोख्रेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोख्रेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री आशिष चौधरी | |

आमन्त्रित :- १. प्रेमप्रकाश दहाल अधिकृत छैठौं

सहयोगी :-

श्री शम्भुराज आचार्य, अधिकृतस्तर सातौं, लेखा

श्री पुनाराम शर्मा, अधिकृत छैठौं, सा.प्र.

CamScanner

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

# बैठक संख्या : १७

मिति २०८०/०२/०९ गतेको गाउँकार्यपालिका १७ औं बैठकका प्रस्तावहरू

१. अघिल्लो गाउँकार्यपालिकाका बैठकमा भए गरेका निर्णयहरू र सो को कार्यान्वयन पक्ष सम्बन्धमा ।
२. अनुगमन समिति संयोजक गाउँपालिका उपाध्यक्षले पेश गर्नुभएको अनुगमन प्रतिवेदन सम्बन्धमा ।
३. स्थानीय पाठ्यपुस्तक सबन्धी आवश्यक छलफल सम्बन्धमा ।
४. प्रदेश सरकारसँग आगामी आ.व. का लागि माग गर्ने योजनाहरू छनौट सम्बन्धमा ।
५. नीति तथा कार्यक्रम र बजेट निर्माण सन्दर्भमा विषयगत समितिहरूले क्षेत्रगत सरोकारवालाहरूसँगको बैठक सम्बन्धमा ।
६. गाउँपालिका अर्न्तगतका मेलमिलापकर्ताहरू सुचिकृत सम्बन्धमा ।
७. आगामी आ.व. का लागि गाउँपालिकाको योजना तथा कार्यक्रम निर्माणका लागि मापदण्ड निर्धारण सम्बन्धमा ।
८. सशस्त्र प्रहरी बल भालुबाङको क्यान्टिन निर्माणका लागि सहायता सम्बन्धमा।
९. गोबरडिहा स्वास्थ्य चौकीमा आवश्यक व्यवस्थापन सम्बन्धमा ।
१०. चालु आ.व. मा विनियोजित अन्य पालिकाहरूको अवलोकन भ्रमणको बजेटबाट यस अघि निर्णय भईसकेका विपन्नहरूको आवास निर्माण कार्य गर्ने सम्बन्धमा ।
११. १ नम्बर वडा अर्न्तगत कालाकाटेको सार्वजनिक शौचालयको विद्युत महशुलको भुक्तानी सम्बन्धमा ।
१२. संस्थाहरूलाई आर्थिक सहयोग सम्बन्धमा ।
१३. गढवा गाउँपालिकाको विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण तथा कार्यशाला गोष्टी संचालनका साथै ३ दिने विपद व्यवस्थापन तालिम संचालन सम्बन्धमा ।
१४. विविध विषय सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

## निर्णयहरू

**प्रस्ताब नम्बर १. अघिल्ला गाउँकार्यपालिकाका बैठकमा भएगरेका निर्णयहरू र सोको कार्यान्वयन पक्ष सम्बन्धमा ।**

**निर्णय नम्बर १ :** यस गढवा गाउँपालिकाको मिति २०८०/०१/१३ गते बसेको गाउँकार्यपालिकाको बैठकमा भएका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

**प्रस्ताब नम्बर २. अनुगमन समिति संयोजक गाउँपालिका उपाध्यक्षले पेश गर्नुभएको अनुगमन प्रतिवेदन सम्बन्धमा ।**

**निर्णय नम्बर २ :** यस गढवा गाउँपालिकाको अनुगमन समिति संयोजक श्री शारदा कुमारी चौधरीले चालु आ.व. २०७९/०८० मा विनियोजित योजना तथा कार्यक्रमको कार्यान्वयन चरणमा तथा सम्पन्न भएपश्चात गरिएका सम्पूर्ण अनुगमनको मासिक प्रतिवेदन पेश गर्नुभएकोमा सो सम्बन्धमा प्रतिवेदनमा औल्याईएका विविध पक्षहरूको बारेमा बृहत छलफल तथा समिक्षा गरि उक्त पेश भएको मासिक अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताब नम्बर ३. स्थानीय पाठ्यपुस्तक सबन्धी आवश्यक छलफल सम्बन्धमा ।**

**निर्णय नम्बर ३ :** यस गढवा गाउँपालिकाको चालु आ.व. को कार्यक्रम अन्तर्गत स्थानीय पाठ्यपुस्तक निर्माण सम्बन्धी कार्यक्रमको सेवा परामर्शदाताले तयार गरी प्रस्तुत गरेका पाठ्यपुस्तकहरूको प्रस्तुतिकरणमा नमूनाको रूपमा कक्षा १ र कक्षा ७ को पाठ्यपुस्तक उपर छलफल गर्दा केही त्रुटिहरू देखिएको, केही विषयमा थप सघन छलफल गर्न आवश्यक देखिएको, साथै प्रक्रियागत रूपमा विषयगत समितिमा पेश तथा छलफल गर्नुपर्ने विषय नभएको पाईएकोले सम्पूर्ण प्रक्रिया पुरा गरि, आवश्यक छलफल तथा संशोधन गरि पुन आगामी गाउँकार्यपालिकाको बैठकमा पेश गर्न लगाउने निर्णय गरियो ।

**प्रस्ताब नम्बर ४. प्रदेश सरकारसँग आगामी आ.व. का लागि माग गर्ने योजनाहरू छनौट सम्बन्धमा ।**

**निर्णय नम्बर ४ :** लुम्बिनी प्रदेश सरकारको आगामी आर्थिक वर्षका लागि विनियोजन हुने योजना तथा कार्यक्रममा यस गढवा गाउँपालिकाको तर्फबाट तपशिल बमोजिमका योजनाहरू माग गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | योजनाको नाम | ठेगाना | अनुमानित रकम |
|---|---|---|---|
| १ | लालपुर देखि लोखरपुर हुँदै धर्मपुर जोड्ने बाटो कालोपत्रे निरन्तरता | गढवा ५ | १ करोड |
| २ | महदेवा चिर्माचिमे बाटो कालोपत्रे | गढवा २ | १ करोड |
| ३ | गढवामा अधुरो कभर्ड हल निर्माण | गढवा ६ | १ करोड |
| ४ | जेठानगाउँ रिङरोड कालोपत्रे निरन्तरता | गढवा १ | ५० लाख |
| ५ | कुलपानी पार्क देखि झोलुङ्गेपुल सम्म कालोपत्रे | गढवा १ | ५० लाख |
| ६ | तिनघरूवा सिचाई डिप बोरिङ्ग संचालन | गढवा २ | ३० लाख |
| ७ | राप्ती पुल सौन्दर्य सोलार बत्ति जडान | गढवा २ | २० लाख |
| ८ | महदेवा आधारभूत स्वास्थ्य चौकी निर खौराहा खोलामा पुल निर्माण | गढवा २ | ५० लाख |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ९ | घैरेनीको भुल्के खोला तटबन्ध | गढवा ३ | ६० लाख |
| १० | घैरेनी कफली खोला तटबन्ध | गढवा ३ | ७५ लाख |
| ११ | माधबपुर खोला तटबन्ध | गढवा ३ | ६० लाख |
| १२ | खौराहा खोला तटवन्ध | गढवा ३ | ६० लाख |
| १३ | सुकिदहवा पर्यटन क्षेत्र विकास | गढवा ४ | ५० लाख |
| १४ | घुसुकपुरूवा अजगढवा नयाँ बाटो ट्र्याकमा पक्कि नाली सहित ग्राबेल | गढवा ४ | ५० लाख |
| १५. | सिक्रहवा खोला देखि प्रनाहा गाउँ हुँदै मगहर जोड्ने बाटो कालो पत्रे | गढवा ५ | २ करोड |
| १६ | सिमलतारा रिङरोड स्तरोन्नती तथा पुल निर्माण | गढवा ५ | १ करोड |
| १७ | ठुलीचौर कक्रहवा जमुनीबास र सिमलतारा खानेपानी योजना | गढवा ५ | २ करोड |
| १८ | कोटही मन्दिर चोक देखि गढवा स्वास्थ्य चौकीसम्म नहर व्यवस्थापन सहित पक्कि बाटो निर्माण | गढवा ६ | १ करोड |
| १९ | दुर्गा आ.बि. मा ८ कोठे पक्कि भवन र विद्यालय घेरबार | गढवा ६ | १ करोड |
| २० | बहुजातीय साँस्कृतिक संग्रहालय निर्माण | गढवा ६ | ७५ लाख |
| २१ | सिक्रहवा खोला नियन्त्रण, सेमरी | गढवा ७ | ५० लाख |
| २२ | चन्दनपुर देखि गुरूङखोला जोड्ने सडक स्तरोन्नती | गढवा ७ | ५० लाख |
| २३ | भोजपुर देखि मध्यनगर जोड्ने सडक स्तरोन्नती | गढवा ७ | ५० लाख |
| २४ | कोईलाबास देखि मुसि नाका सम्म पक्कि नाली, ग्राभेल, ह्युमपाईप तथा कल्भर्ट निर्माण | गढवा ८ | ५० लाख |
| २५ | कोईलाबास बस्तीका लागि खानेपानी फिल्टर मेसिन जडान | गढवा ८ | ५० लाख |
| २६ | कोईलाबास खोलामा पिसिसि वाल निर्माण | गढवा ८ | ५० लाख |
| २७ | दंगाली छाप सिचाई नहर संरक्षणका लागि सुपैला खोला तटबन्ध निर्माण कार्य | गढवा ३ | ६० लाख |
| २८ | चिसापानी खानेपानी आयोजना | गढवा १ | ५० लाख |
| २९ | रङसिङ खानेपानी आयोजना | गढवा १ | ५० लाख |
| ३० | सरस्वति मा.वि. गोबरडिहाको स्थायी संरचना निर्माण कार्य निरन्तरता | गढवा ३ | ५ करोड |
| ३१ | महदेवा प्रा.वि. भवन निर्माण | गढवा २ | १ करोड |
| ३२ | चैनपुर मा.वि. मा स्मार्ट शौचालय निर्माण | गढवा ५ | ३० लाख |
| ३३ | कुलपानी पर्या पर्यटन विकास | गढवा १ | ५० लाख |
| ३४ | चम्बोला ताल व्यवस्थापन | गढवा ७ | ५० लाख |
| ३५ | जंगलकुटी, बाबा बाघनाथ धाम प्रबर्द्धन | गढवा ३ | ५० लाख |
| ३६ | २ नम्ब वडा कार्यालय देखि दक्षिणतर्फ जाने पक्कि सडक मर्मत कार्य | गढवा २ | ६० लाख |
| ३७ | बगर खेती कार्यक्रम | गढवा गापा | २० लाख |
| ३८ | तोरी प्रबर्द्धन कार्यक्रम | गढवा गापा | २० लाख |
| ३९ | डेरी प्रबर्द्धन कार्यक्रम | गढवा गापा | २० लाख |
| ४० | कृनिम जलाशय निर्माण कार्यक्रम | प्रत्येक वडामा एक एक वटा | ८० लाख |
| | | गढवा गापा | ५० लाख |
| ४१ | जलवायु अनुकुलन कार्यक्रम प्रबर्द्धन | गढवा गा.पा. | २० लाख |
| ४२ | सहकारी क्षमता विकास कार्यक्रम | गढवा गा.पा. | ३० लाख |
| ४३ | सहकारी प्रबर्द्धन कार्यक्रम | गढवा गा.पा. | १ करोड |
| ४४ | पालिका अर्न्तगतका खहरे खोला नियन्त्रणका लागि तटबन्ध निर्माण | गढवा गा.पा. | १० लाख |
| ४५ | ऐन कानून, नीति नियम तर्जुमामा क्षमता विकास तालिम | वडा न १, ६ | उपकरण सहायता |
| ४६ | डिजिटल एक्स रे सेवा प्रदान | वडा नम्बर १ | उपकरण सहायता |
| ४७ | ई सि जि सेवा प्रदान | | |

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्ताव नम्बर ५. नीति तथा कार्यक्रम र बजेट निर्माण सन्दर्भमा विषयगत समितिहरूले क्षेत्रगत सरोकारवालाहरूसँग समन्वय बैठक सम्बन्धमा ।**

**निर्णय नम्बर ५** : गढवा गाउँपालिकाको आगामी आ.व. २०८०/०८१ का लागि तर्जुमा गर्ने बजेट तथा कार्यक्रमलाई निर्देशन गर्नका लागि प्रस्तुत गरिने नीति तथा कार्यक्रम तयार गर्नका लागि गाउँकार्यपालिका अर्न्तगतका सम्पूर्ण विषयगत समितिहरूले आगामी एक साता भित्र विषयगत रूपमा सरोकारवालाहरूसँग समन्वय बैठक आयोजना गरि राय संकलन गर्ने र सो को आधारमा समितिको बैठक बसी आफ्नो विषयसँग सम्बन्धीत नीतिको खाका गाउँकार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ६. गाउंपालिका अर्न्तगतका मेलमिलापकर्ताहरू सुचिकृत सम्बन्धमा ।**

**निर्णय नम्बर ६** : गढवा गाउंपालिकाको चालु आ.व.मा मेलमिलापकर्ता सुचिकृत कार्यक्रमका लागि न्यायिक समितिको निर्णयबाट सूचिकृत हुन आएका ३३ जना उम्मेदवार मध्येबाट ८ वटै वडाहरूमा ३/३ जना सूचिकृत गर्ने निर्णय गरि १९ जना मेलमिलापकर्ता छनौट गरि समर्थनका लागि गाउँकार्यपालिकाको बैठकमा पेश भएकोमा उक्त सूचिमा केही मेलमिलापकर्ताले सूचना नपाएको र केही मेलमिलापकर्ता छुट हुन गएको भन्ने बुझिएकोले पुन सूचिकृत हुन आउनका लागि ७ दिने सूचना आह्वान गर्ने र मेलमिलापकर्ताको छनौट प्रक्रिया पुरा गरि न्यायिक समितिलाई अन्तिम नामावली पेश गर्न लगाउने गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ७. आगामी आ.व. का लागि गाउँपालिकाको योजना तथा कार्यक्रम निर्माणका लागि मापदण्ड निर्धारण सम्बन्धमा ।**

**निर्णय नम्बर ७** : गढवा गाउँपालिकाको आगामी आ.व. २०८०/०८१ का लागि बजेट निर्माणका चरणमा वडा तथा विषयगत शाखाहरूलाई सिलिङ उपलब्ध गराउदा बजेट तथा कार्यक्रम निर्माण गर्दा अपनाउनुपर्ने तपशिल बमोजिमका मापदण्डहरू निर्धारण गरि सोही बमोजिम गर्ने निर्णय गरियो ।

तपशिल

**बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी आधार, विधी तथा मार्गदर्शन**

१. वडा तहमा छनोट हुने योजनामा मठ मन्दिर, गुम्बा, विहार, चर्च, मस्जित आदि धार्मिक महत्वका संरचनामा योजना छनोट गर्दा बढिमा वडाको बजेट सीमाको ५ प्रतिशतसम्म विनियोजन गर्न सक्ने ।
२. वडालाई प्राप्त बजेट सीमाबाट चालु खर्च विनियोजन बढिमा १० प्रतिशत सम्म गर्ने ।
३. आयोजना छनोट गर्दा टुक्रे आयोजनालाई निरुत्साहित गर्ने र कम्तिमा ५ लाख भन्दा माथीका आयोजना छनोट गर्ने । टुक्रे योजना अति आवस्यक रहेको अवस्थामा बढिमा १० प्रतिशत सम्म टुक्रे रकम विनियोजन गरिदिने ।
४. आयोजना छनोट गर्दा १०-१५ लाख सम्मको एउटै आयोजना छनोट गर्दा पालिकाले २ लाख, १५-२० लाखको आयोजना छनोट गर्दा ५ लाख, २०-२५ लाख को आयोजना छनोट गर्दा ८ लाख, २५-३० लाखको आयोजना छनोट गरेको अवस्थामा १० लाख, ३०-५० लाखको आयोजनामा १२ लाख र ५० लाख भन्दा माथीको योजनामा १५ लाख गाउँपालिकाले समपूरक कोषको व्यवस्था गरी बजेट विनियोजन गर्ने ।
५. वडाबाट विनियोजन गरिएको बजेट ठेक्का प्रकृयामा गई घटाघटबाट कबोल गर्दा बचत रकम पुनः सोही वडाले अन्य योजनामा खर्च गर्न पाउने भएकोले सोही बमोजिम गर्ने ।
६. गाउँपालिकाबाट समपूरक रकम पाउने आयोजना छनोट गर्दा ३० लाख भन्दा मुनीको भए सकेसम्म २

प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

भन्दा बढी टोललाई समेट्ने र ४० वा ५० लाखको आयोजना छनोट गर्दा २ भन्दा बढी टोललाई अनिवार्य समेट्ने गरी छनोट गर्नुपर्नेछ । यस्ता योजना छनोट गर्दा एकिकृत विकासलाई पुर्ण अवलम्बन गर्ने ।

७. हाल पठाइएको सिलिङ को रकम भन्दा पछि अन्य स्रोतबाट यो बजेटको अंश भई बजेट प्राप्त भएमा पुनः वडामा विनियोजन नगरी दुइ वा सो भन्दा बढि वडाहरुलाई समेट्ने गरी वडाहरुलाई प्राथिमिकीकरण मार्फत सबै वडालाई समन्यायीक हुने गरी गाउँ सभाबाट ठुला आयोजना छनौट गरी कार्यान्वयन गर्ने । यसरी योजना कार्यान्वयन गर्दा एकिकृत विकासलाई पुर्णतः अवलम्बन गर्ने ।

८. हालको आर्थिक संकटको अवस्थालाई मध्येनजर गरी यो आर्थिक वर्षमा भ्यू टावर, मूर्ति निर्माण, महिला भवन, सामुदायिक भवन, सहकारी भवन, प्रतिक्षालय, विभिन्न समुदायका सामुदायक भवन, वनका लागी आवस्यक भवन आदि क्षेत्रमा बजेट सके सम्म बजेट विनियोजन नगर्ने ।

९. बाटो ग्राभेलको लागी विनियोजित बजेट वडाको एकमुष्ठरुपमा राख्ने र सो बजेटबाट ढुवानीको रकम व्यहोर्ने, पालिकाको ब्याकहो लोडरले ग्राभेल लोड गर्ने र उपभोक्ताले ग्राभेल फिँजाउने व्यवस्था मिलाउने ।

१०. संघीय संरचना अनुसार स्थानीय तहको क्षेत्राधिकार भन्दा बाहिरको योजनामा बजेट विनियोजन हुदा बेरुजु देखिने र स्थानीय तहको क्षेत्र बाहिर बजेट विनियोजन गर्ने कानुनी व्यवस्था नभएकोले सहकारीको क्षमता विकास बाहेकको क्षेत्र, अन्य सरकारी तथा गैर सरकारी संघ/संस्थाका लागी बजेट विनियोजन नगर्ने र प्रहरी शसस्त्र प्रहरी नेपाली सेनाका लागी अति आवस्यक संरचना बनाउन आवस्यक भए सम्बन्धित पक्षको जिल्ला स्थित सरकारी कार्यालयको आधिकारिक पत्रमा माग भइ आएमा गढवा गाउँपालिका क्षेत्र भित्र मात्र कार्यान्वयका लागी बजेट विनियोजन गरिदिने ।

११. विषयगत शाखाले विषय क्षेत्रगत समितिमा पेश गर्दा अनिवार्य रुपमा प्रस्तावना सहित पेश गर्नु पर्ने र प्रस्तावना बाहेक पेश भएका कार्यक्रम बजेट तथा कार्यक्रममा संलग्न नगर्ने ।

१२. सिप सिकाई, महिला बालबालिका तथा जेष्ठ नागरिक संग सम्बन्धी बजेट विनियोजन भएमा त्यसका लागी एकिकृत कार्यान्वयन गर्न कार्यक्रम छनोट तथा बजेट विनियोजन गरी गाउँपालिकामा पेश गर्ने ।

१३. सकभर एकै प्रकृतीका आयोजना छनोट गर्दा टुक्रा नबनाए संयुक्त बनाउने र उक्त आयोजनाले सबै टोललाई समेट्न नसकेमा आगामी आर्थिक वर्षहरुका लागी कुन-कुन टोलमा कुन-कुन वर्ष आयोजनाका लागी बजेट विनियोजन गर्ने त्यसको प्राथमिकिकरण गर्ने ।

१४. सकभर बजेट तथा कार्यक्रममा बजेट विनियोजन गर्दा सडक, सडक नाली, कल्भर्ट, पुल, विद्युत आदिको काम एकिकृत रुपमा हुने गरी संयुक्त/ एकिकृत रुपमा बजेट विनियोजन गर्ने ।

१५. बजेट तथा कार्यक्रम बनाउदा भौतिक संरचनाको अनिवार्य अनुमानित लागत अनुमानको अनुमान गर्ने र त्यस्ता संरचना बालमैत्री, अपाङगमैत्री, लैङ्गिक मैत्रि, भुकम्प प्रतिरोधी र सजिलै बाढि पस्न नसक्ने संरचनाको अनुमान गरी बजेट प्रस्ताव गर्ने ।

१६. दीगो विकासका लक्ष्यहरुलाई सन् २०३० सम्म पुरा गर्न दीगो विकासका लक्ष्यहरुलाई प्राथमिता दिई बजेट विनियोजन गर्ने ।

१७. विपद् व्यवस्थापनमा छुट्याइएको बजेट विपद्जन्य क्षेत्र बाहेकमा खर्च गर्दा म.ले.प. ले बेरुजू औल्याउने गरेकोले विपद् व्यवस्थापनमा बजेट विनियोजन गर्दा विपद्जन्य गतिविधी पश्चातको बचत बजेट तथा नपुग बजेट सम्बन्धमा पनी पूर्वानुमान गर्ने ।

१८. पुर्खेउली सीपहरु स्वतः पारिवारिक सदस्यहरुबाट हस्तान्तरण हुने भएकोले त्यस्ता सीपमूलक कार्यक्रम बनाउदा हाल सम्म सञ्चालित कार्यक्रमको उपलब्धी, त्यसबाट लाभग्राहीहरुले हाल सम्म गरेको व्यवसाय र त्यसको बजार व्यवस्थापन आदि कुराको एकिन गरी सके सम्म त्यस्ता कार्यक्रमलाई कम प्राथमिकता दिने ।

१९. लैङगिक उत्तरदायी बजेट निर्माणमा जोड दिने ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

## ग. वडागत आयोजनाको बजेट सीमाको ढाँचा

| वडा नं. | जनसंख्या (२०%) | | | | क्षेत्रफल १५%) | | | | पूर्वाधार विकासको अवस्था (२०%) | | | मानव विकासको अवस्था (१५% | | | | राजश्व परिचालनको अवस्था (१०%) | | | | खर्च प्रतिशत सम्मको(२०%) | | | | जम्मा प्राप्ताङ्क | जम्मा भार | बजेट सीमा | जम्मा वडागत बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | राष्ट्रिय जनगणना २०७८ | ५००० सम्म (१०) | ६००० सम्म (१५) | ६००० भन्दा माथी (२०) | क्षेत्रफल ब.मी. | २० ब.मि. सम्म (५) | ३० ब.मि. सम्म (१०) | ३० ब.मि. भन्दा माथी (१५) | उच्च (१०) | मध्यम (१५) | न्यून (२०) | साक्षरता प्रतिशत | ६५ % सम्म (१५) | ७० % सम्म (१०) | ७५ % भन्दा माथी (५) | औषत मासिक राजश्व असुली | मासिक ११० हजार सम्म (५) | मासिक ११०-२०० हजार सम्म (८) | मासिक २०० हजार भन्दा बढि (१०) | चैत्र मसान्त सम्मको खर्च | ५० प्रतिशत सम्म (२०) | ७५ प्रतिशत सम्म (१५) | ७५ प्रतिशत भन्दा माथी (१०) | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्ताव नम्बर ८. सशस्त्र प्रहरी बल भालुबाङको क्यान्टिन निर्माणका लागि सहायता सम्बन्धमा ।**

**निर्णय नम्बर ८ :** सशस्त्र प्रहरी गण, भालुबाङको क्यान्टिन जिर्ण अवस्थामा रहेको र सो को निर्माणका लागि सहायता माग भई आएकोमा उक्त निर्माण कार्य राप्ती गाउँपालिका र गढवा गाउँपालिकाको साझा लगानी सहयोगमा निर्माण गर्ने सहमति अनुसार जम्मा ३ लाखको अनुमानित लागतमा निर्माण सम्पन्न भएको सशस्त्र प्रहरी बल भालुबाङको क्यान्टिन निर्माण योजनाको गढवा गाउँपालिकाको तर्फबाट सहयोग गर्नुपर्ने १.५ लाख रूपैया श्रोत व्यवस्थापन गरि भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ९. गोबरडिहा स्वास्थ्य चौकीमा आवश्यक व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नम्बर ९ :** गोबरडिहा स्वास्थ्य चौकीमा गाउँसभाको विशेष अधिवेशनबाट प्लेसेन्टा पिट मर्मत शीर्षकमा विनियोजित रू १ लाख रूपैया बजेटबाट प्लेसेन्टा पिट मर्मत, सेफ्टी ट्याङ्की मर्मत र झ्यालमा ग्रिल तथा जाली राख्ने कार्य अमानत विधिबाट गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर १०. असहाय तथा विपन्नहरूको आवास निर्माण गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर १० :** गढवा गाउँपालिकाको चालु आ.व. मा विनियोजित अन्य पालिकाहरूको अवलोकन भ्रमणको बजेट शीर्षकमा विनियोजित ५ लाख रूपैया तथा गढवा गाउँपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा समाजसेवीहरूको श्रमदानबाट यस अघि निर्णय भईसकेका तपशिल बमोजिमका असहाय तथा विपन्नहरूको आवास निर्माण कार्य गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | घरमुलीको नाम | ठेगाना |
|---|---|---|
| १ | उदय चौधरी | गढवा-५ |
| २ | राकेश नेपाली | गढवा-४ |
| ३ | जिउपाले कुमाल | गढवा-४ |
| ४ | भिमलाल पोखेल | गढवा-६ |

**प्रस्ताव नम्बर ११. कालाकाटेको सार्वजनिक शौचालयको विद्युत महशुलको भुक्तानी सम्बन्धमा ।**

**निर्णय नम्बर ११ :** गढवा गाउँपालिकाको १ नम्बर वडा अर्न्तगत कालाकाटेको सार्वजनिक शौचालयको विद्युत महशुल बुझाउन बाँकी रकम रू ५९,८४३/- (अक्षेरुपी उन्साठी हजार आठ सय त्रिचालिस रूपैया) रहेकोले सो को बिल बमोजिमको भुक्तानी गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्ताव नम्बर १२. संस्थाहरूलाई आर्थिक सहयोग सम्बन्धमा ।**

**निर्णय नम्बर १२** : गढवा गाउँपालिकाको चालु आ.व. मा माग भई आएका तपशिल बमोजिमको निवेदन बमोजिम आर्थिक सहायना स्वरूप कार्यक्रम सम्पन्न भईसकेकोले बिल भपाई तथा आवश्यक कागजात माग गरि श्रोत व्यवस्थापन गरि तपशिल बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | संस्थाको नाम | कार्यक्रम | सहयोग रकम |
|---|---|---|---|
| १ | गढवा तेक्वान्दो डोजाङ | प्रदेश स्तरिय खुल्ला तेक्वान्दो प्रतियोगितामा सहभागी हुन जाँदा आउदाको खाना, खाजा, यानायात तथा होटल खर्च वापत ४८ हजार खर्च | १० हजार |
| २ | यादव विद्यार्थी समाज | राजपुर ३ मा आयोजित विविध कार्यक्रम अर्न्तगत १ लाख २८ हजार १२५ रूपैया कार्यक्रम खर्च | १० हजार |

**प्रस्ताव नम्बर १३. गढवा गाउँपालिकाको विपद व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नम्बर १३** : गढवा गाउँपालिकाको चालु आ.व. मा विपद व्यवस्थापन कोषमा विनियोजित रकमबाट व्ययभार पर्नेगरि गढवा गाउँपालिकाको विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने र सो को लागि रू २ लाख १५ हजार रूपैया बजेट विनियोजन गर्ने निर्णय गरियो ।

साथै नजिकिदै गरेको वर्षायामको पूर्वसन्ध्यामा ३ दिने विपद जोखिम व्यवस्थापन तालिम तथा कार्यशाला आयोजना गर्ने र सो को लागि आवश्यक पर्ने रू १ लाख १० हजार रूपैया समेत विपद व्यवस्थापन कोषबाट व्ययभार पर्नेगरि कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**१४. विविध विषय सम्बन्धमा ।**

**निर्णय नम्बर १४** : गढवा गाउँपालिकाका वडा नम्बर ४ अजगढवा स्थित सुकिदहवा खोला कटानले भत्काएकोमा निज राजु नेपाली अत्यन्त विपन्न भएकोले निजको टोयलट निर्माण कार्यका लागि गाउँपालिकाको तर्फबाट रू २५ हजार रूपैया विपद व्यवस्थापन कोषबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १५** : गढवा गाउँपालिका वडा नम्बर २ को पुर्तालबजार देखि कुमाल टोल जाने बाटोमा ह्युमपाईप जडान कार्यमा तत्कालिन आवश्यकता अनुसार काम भएको तर हालसम्म पनि भुक्तानी नभएको बुझिएकोले प्राविधिक लगत ईस्टिमेट बमोजिम रू ९७,४१५।०९ रूपैया श्रोत व्यवस्थापन गरि भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नम्बर १६** : गढवा गाउँपालिका वडा नम्बर ६ स्थित विजयपुरमा सर्वोदय सामुदायिक वनको छेउमा लिखुराम कुमालले मूर्ति निर्माण गरी रङरोगन कार्य गरेकोले बिल बमोजिमको रङरोगन खर्च रू १५ हजार रूपैया श्रोत व्यवस्थापन गरि भुक्तानी दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नम्बर १७** : गढवा गाउँपालिका वडा नम्बर ३ स्थित सरस्वती मा.वि. गोबरडिहामा मिति २०८०/०२/०८ गते साँझ आएको हावाहुरीले उक्त विद्यालय भवनको टिन फालेको र सो को मर्मत सम्भार गर्नका लागि चालु आ.व. को शिक्षा शाखाको रातो किताबमा भएको शैक्षिक गुणस्तर सुधार कार्यक्रम शीर्षकबाट व्यवस्था गर्नेगरि गढवा ३ स्थित सरस्वती मा.वि. गोबरडिहाको मर्मत, सम्भार गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १८** : गढवा गाउँपालिका अन्तर्गत गाउँपालिकास्तरीय तथा वडास्तरीय केही योजना तथा कार्यक्रमहरूको कार्यसम्पन्न हुने अन्तिम मिति वैशाख १५ गते सम्म म्याद कायम रहेकोमा उक्त योजनाहरूको म्याद थप गरि जेठ मसान्तसम्म कायम गर्ने र सोही बमोजिम कामकाज गराउने निर्णय गरियो ।

**निर्णय नम्बर १९** : गढवा गाउँपालिका वडा नम्बर १ स्थित संचालित बेंगाहा बाल विकासमा अत्यावश्यक रहेका शौचालय निर्माण कार्यका लागि प्राविधिक लागत अनुमान बमोजिमको लागत खर्च शिक्षा शाखा अन्तर्गतको चालु आ.व. को शैक्षिक गुणस्तर सुधार शिर्षकबाट व्यवस्था गर्नेगरि योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर २०** : गढवा गाउँपालिकाको चालु आ.व.को योजना तथा बालबालिका शाखाको शिर्षक नम्बर २२ अन्तर्गत आदिवासी जनजाती वर्ग, अन्य आदिवासी जनजातीको संस्कृति जगेर्ना गर्ने निर्णय गरियो ।
कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरू

तपसिल :

| क्र.सं | भुक्तानी पाउने संस्थाको नाम | रकम |
|---|---|---|
| १ | नागेन्द्र यादव लगायतले प्रकाशन गर्न लागेको अवधि, साहित्य र संस्कृति समेटिने पुस्तक प्रकाशन सहयोगार्थ | रु १५,०००/०० |
| २ | गान्धी साहित्य परिषद, बोंगाही ठाउलाई साहित्यिक कार्यक्रम संचालनार्थ सहयोग | रु १५,०००/०० |
| ३ | कुमाल टोलमा संचालन भएको चलचित्र प्रदर्शनी कार्यक्रमको खाना, खाजा तथा आवश्यक खर्च | रु ९,५००/०० |
| ४ | राष्ट्रका लागि सर्वोच्च अभियात्रा नागरिक अभिनन्दन कार्यक्रम | रु १०,०००/०० |
| ५ | दर्शिनाथ कोपिला र उदय थापा लगायतका व्यक्तिहरूले गढवा गाउँपालिका भित्रका थारु कुमाल विभिन्न जनजातिहरूको भाषा, संस्कृति, साहित्य र संस्कार साथै यस क्षेत्रको कृषि, पर्यटन जस्ता पक्षहरूको अध्ययन, अनुसन्धान गरि पुस्तक प्रकाशन कार्यका लागि सहयोग खर्च | रु १,५०,०००/०० |

प्रमुख प्रशासकीय अधिकृत